# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०८२/०८३
च.नं. : ६०३७५

मितिः २०८३/०१/०२

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषय: उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ६५औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) तपशिल वमोजिम रहेको व्यहोरा समेत अनुरोध छ ।

**तपशिलः**
मितिः २०८३ बैशाख ०३ गते (बिहीबार)
समयः बिहान ११:०० बजे
स्थानः व्यवसाय प्रवर्द्धन केन्द्रको सभाहल, सभागृह ।

**एजेण्डाः**
क. राजश्व संकलन र अभिलेखिकरण सम्बन्धमा ।
ख. सार्वजनिक सम्पत्तिको संरक्षण सम्बन्धमा ।
ग. विविध ।

.................................
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

**सादर अवगतार्थः**
श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका ।
श्रीमान् नगर उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

मिति -२०८३/०१/०३ गते (बिहिबार) स्थान - पोखरा सभागृह (वि.पि.सि. भवन)

बैठक संख्या- ६५ समय- बिहान: ११ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको ६५ औ बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो । उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं.-१ | श्री शाहरा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं.-२४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं.-२५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |
| | | | | |

**पोखरा महानगरपालिका**

न्यूरोड, पोखरा

**६५ औँ कार्यपालिका बैठक मिति २०८३/०१/०३ गते**

**निर्णय नं १**

६४ औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो।

**निर्णय नं २**

राजश्व संकलन सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियोः

क. महानगरपालिका क्षेत्रभित्र विभिन्न सडक पूर्वाधार कालोपत्रे/ढलान कार्य भइरहेको, संघीय तथा प्रदेश सरकारबाट सञ्चालित सडक योजनाहरुबाट समेत सडक निर्माण कार्य भइरहेकोले साविकमा कच्ची बाटोको रुपमा रहेका शहरी सडकहरुको स्तरोन्नती भएको र त्यस्ता सडकहरुसँग जोडिएका व्यक्ति/संस्थाको स्वामित्वमा रहेका जग्गाको मूल्याङ्कन दर विगत तीन बर्षदेखि स्थिर रहेको कारण घर/जग्गाको पुनर्मूल्याङ्कन गर्न आवश्यक रहेको सन्दर्भमा राजमार्ग/सहायक राजमार्ग/भित्री सडक/अन्य कच्ची/अन्य पक्की बाटो एकिन गरी संघीय सरकारको करको दर बमोजिम मूल्याङ्कन मिलान हुने गरी ३३ वटै वडाबाट जग्गाको पुन मूल्याङ्कन गरी २०८३ बैशाख मसान्तभित्र पेश गर्न वडा कार्यालयलाई निर्देशन दिने र वडाबाट प्राप्त एकमुष्ठ विवरण पेश गर्न राजश्व महाशाखालाई निर्देशन दिने निर्णय गरियो।

ख. पोखरा महानगरपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम व्यक्ति/संस्थाले आफ्नो स्वामित्वमा रहेको घर/जग्गा वहालमा लगाएबापत महानगरपालिकामा बुझाउनुपर्ने घर/जग्गाको यथार्थ वहाल कर रकम करको दायरामा आउन बाँकी देखिएकोले यस सम्बन्धमा नगरबासीहरुमा वहाल कर रकम समयमा नै बुझाउन र नबुझाएमा महानगरपालिकाबाट प्रवाह हुने सेवा रोक्का हुने व्यहोराको सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो।

ग. वडा कार्यालयबाट जारी गरिने घरबाटो सिफारिस, चारकिल्ला प्रमाणित र कोठा/घर खाली समेतमा सम्पत्ति कर, घर/जग्गा वहाल कर, व्यवसाय कर, मालपोत कर तिरे/नतिरेको एकिन गरेर मात्र सिफारिस गर्ने व्यवस्था मिलाउन राजश्व महाशाखा र वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। साथै घर/जग्गा वहालमा लगाउँदा वहालमा रहने व्यक्ति/संस्थाको तीन पुस्ते/ठाँउ ठेगाना खुलाई वहाल सम्झौता गरी वडा कार्यालयबाट प्रमाणित गराउने र वहाल छोडेको अवस्थामा कानूनको म्याद भित्र महानगरपालिका/वडा कार्यालयमा जानकारी गराउन समेत सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो।

घ. राजश्व महाशाखाबाट पेश भएको राजश्व सुधार कार्ययोजना कार्यान्वयनका लागि तपशिल बमोजिम गर्ने निर्णय गरियोः

- अ. कर्मचारी व्यवस्थापनमा राजश्व महाशाखालाई प्राथमिकता दिने,
- आ. कर्मचारीको अतिरिक्त प्रोत्साहन व्यवस्थालाई प्रणालीगत बनाउने,
- इ. राजश्व संकलन कार्यमा SUTRA प्रणाली पूर्ण रुपमा लागू गर्ने,
- ई. SUTRA प्रणालीमा GIS प्रणाली लागू गर्ने,
- उ. सम्पत्ति मूल्याङ्कनमा एकिकृत मूल्याङ्कन प्रणाली(Integrated Evaluation System) लागू गर्ने,
- ऊ. कर संकलनमा नविनतम् प्रविधिमैत्री यन्त्र/उपकरणको प्रयोग बढाउने,
- ऋ. नविन सफ्टवयेर प्रणाली जडान गरी करदातालाई घरमै बसी कर तिर्न सक्ने गरी सहज वातावरण सृजना गर्ने ,

ङ. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ बमोजिम बहाल विटौरी शुल्क अनिवार्य रुपमा संकलन गर्न राजश्व महाशाखा तथा वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ३**

घरनक्सा अभिलेखिकरण सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियोः

क. मिति २०८२/१२/३० मा महानगरपालिकाका प्रमुखज्यूको अध्यक्षतामा बसेको बैठकको निर्देशन बमोजिम गठित समितिले घर-जग्गा अभिलेखिकरण तथा करको दायरा विस्तार सम्बन्धमा पेश गरेको राय सुझाव क्रमशः कार्यान्वयन गर्दै जाने र अभिलेखिकरण प्रकृयालाई घरधनीसम्मको पहुँच पुर्याई अभिलेखिकरणको दायरा विस्तार गर्ने निर्णय गरियो ।

ख. पोखरा महानगरपालिका भित्र निर्माण भएका ५ तला भन्दा बढीका ठूला भवनको घरनक्सा/अभिलेखिकरण तथा महानगर क्षेत्रभित्र सञ्चालित व्यवसायीहरुले महानगर/वडामा बुझाउनुपर्ने व्यवसाय दर्ता /नवीकरण शुल्क बुझाएको/नबुझाएको एकिन गरी महानगरमा बुझाउनुपर्ने राजश्वका सम्बन्धमा घुम्ती सेवाको माध्यम द्वारा घरदैलोसम्म पुगी घरनक्सा अभिलेखिकरण तथा व्यवसाय दर्ता/नविकरण गर्न तपशिल बमोजिम समिति गठन गरी जिम्मेवारी दिने निर्णय गरियोः

**तपशिलः**

| | |
|---|---|
| श्री नरेन्द्र थापा, वडा अध्यक्ष, वडा नं २६ | :संयोजक |
| श्री तोरण बहादुर बाँनिया, वडा अध्यक्ष, वडा नं १५ | :सदस्य |
| श्री हिमलाल बराल, वडा अध्यक्ष, वडा नं २२ | :सदस्य |
| श्री रविचन्द्र घिमिरे, इन्जिनियर | :सदस्य |
| श्री दिपेन्द्र पण्डित, प्रशासकीय अधिकृत | :सदस्य |

ग. पोखरा महानगरपालिका अन्तर्गत घरनक्सा पास हुन छुट भएका पुराना घर/भवनहरुको अभिलेखिकरण सम्बन्धमा यसअघि १००० वर्ग फिटसम्मका घर/भवनको अभिलेखिकरण सम्बन्धी सबै कार्य वडा कार्यालयबाट नै हुने गरेकोमा महानगरमा सञ्चालित अभिलेखिकरण सम्बन्धी सफ्टवयेर (EBPS) को Developers सँग समन्वय गरी Multiuser Access निर्माण गर्ने र २००० वर्ग फिटसम्मका घर/भवनका अभिलेखिकरणको कार्य वडाबाट नै हुने गरी नै प्रमाणपत्र वडाबाट जारी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । साथै अभिलेखिकरण हुन छुट भएका घर/भवनको अभिलेखिकरण कार्यका लागि सबै ३३ वटै वडामा मिति २०८३/०१/१२ गतेदेखि २०८३/०१/१९ गतेसम्म वडा अभिलेखिकरण शिविर Ward Digitalization Camp सञ्चालन गर्ने निर्णय गरियो ।

**घ.** पोखरा महानगरपालिका अन्तर्गत वडाहरुमा घर/भवनको अभिलेखिकरण सम्बन्धमा ऐन, नियम, कानून फरक फरक भएको सम्बन्धमा सबै वडामा एकरुपता कायम हुने गरी एउटै नियम/कानून कायम गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै घर/भवन अभिलेखिकरण सम्बन्धमा साविकको मापदण्ड कायम गरी घर/भवन निर्माण भएको तर हाल मापदण्ड संशोधन भई नयाँ मापदण्ड कायम भएको सन्दर्भमा साविकमा निर्माण भएको घर/भवनको अभिलेखिकरण गर्दा तत्कालिन समयको मापदण्ड कायम गरी अभिलेखिकरण सम्बन्धी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ४**

पोखरा महानगरपालिका क्षेत्रभित्र विभिन्न स्थानहरुमा सार्वजनिक ऐलानी/पर्ति जग्गा विना अनुमति अतिक्रमण गरी पहुँचका आधारमा लामो समयदेखि विभिन्न व्यक्तिहरु/संस्थाहरुबाट संरचनाहरु निर्माण गरी कार्यालय सञ्चालन गर्ने, भाडामा लगाउने गरेको, पर्खाल लगाई जग्गा भित्र्याउने जस्ता कार्य भए गरेको भन्ने जनगुनासो प्राप्त हुन आएकोले सरोकारवाला व्यक्ति/संस्था सबैबाट सार्वजनिक जग्गा संरक्षणमा एक्येवद्धता जनाई हालसम्म निर्माण भएका संरचनाहरु आफै खाली गर्न/गराउन/हटाउन ३५ दिनको समयावधि तोकि सम्बद्ध सबै संघ/संस्था र वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

पोखरा महानगरपालिका अन्तर्गत बार्षिक विकास कार्यक्रममा समावेश भएका उपभोक्ता समितिबाट सञ्चालन गर्नुपर्ने योजना/कार्यक्रमहरु यस आ.व.मा भदौ २३ र २४ को आन्दोलनबाट उत्पन्न विषम् परिस्थितिको कारण चैत्र मसान्तसम्म आवश्यक योजनाहरु सम्झौता गर्न नसकिएकोले समयावधि २०८३ बैशाख मसान्तसम्म कायम गर्ने र निर्णय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

नयाँ शैक्षिक सत्रको शुरुमा बालबालिकाहरुको नयाँ भर्ना हुँदा विद्यालयहरुलाई अनिवार्य रुपमा नेपाल सरकारले तोकेका १५ मंहिना भित्र पुरा गर्नुपर्ने खोप पुरा गरेको प्रमाण राखी सुनिश्चित् गर्ने र यदि खोप लगाएको रेकर्ड नभएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरिदिने तर भर्नावाट वञ्चित नगराउन भनी व्यवस्था मिलाउन शिक्षा महाशाखा मार्फत विद्यालयहरुलाई परिपत्र गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय भवन पोखरा -१७ स्थित (गल्फ कोर्स) को चौरमा निर्माण गर्न सार्थक इन्जिनियरिङ्ग कन्सल्टेन्सि प्रा.लि. काठमाडौँद्वारा DPR तयार भई लागत अनुमान रु २,२३,७७,५८,००५।- (अक्षरुपि रु दुइ अर्ब तेईस करोड सततर लाख अन्ठाउन्न हजार पाँच मात्र) आएकोले महानगरको आर्थिक अवस्था तथा महानगरको नगर प्रहरी ,दमकल कर्मचारी र पुर्वाधार ल्याबको लागि पोखरा शान्ति बन स्थित दमकलमा भवन समेत निर्माण भैसकेकोले सो भौतिक र आर्थिक हिसाबले ठुलो आकारको भवन अब सानो र अधिकतम ल.ई. रु १,२५,००,००,०००।- (अक्षरुपि रु एक अर्ब पच्चिस करोड मात्र) मा नबढ्ने गरी DESIGN REVIEW गरी REVISED DPR तयार गर्न (रु पाँच लाखमा नबढ्ने गरी) पूर्वाधार महाशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८**

पोखरा महानगरपालिकाको आ.व २०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसारको ठेक्का नं 95/PMC-Re/SQ/W/079-080 Road and Drain Construction at Ganesh Tole to Budhanilkhanta Mandir to Pokhara Baglung Highway to Ganesh Marg, PMC-04 को ठेक्का सम्झौतामा लागत इस्टिमेटमा उल्लेखित कार्यहरु पछिल्लो अवस्थामा साइटको आवश्यकता अनुसार ठेक्काको Scope भित्र रही गर्न सकिने कार्यहरु निर्माण गराइएको हुदाँ सार्वजनिक खरिद ५९ को उपदफा (४) र सार्वजनिक खरिद नियमावली, २०६३ को दफा १२७ को उप दफा १ र ३ अनुसार निर्माण कार्य सम्पन भएको आधारमा नेपाल सरकारलाई थप दायित्व नपर्ने गरी एवं Contract Agreement को Special Condition of Contract(SCC) को Section 11. Termination of Contract and Payment Clause 11.8 अनुसार उक्त कार्य सुविस्ताको आधारमा टुंग्याउने निर्णय गरियो ।